नेपाल सरकार
# स्वास्थ्य बीमा बोर्ड

पत्र संख्या : २०७८/०७९
चलानी नं.: ६०९


फोन नं. : ०१-४१००२२३
टोल फ्री : १६६००१११२२४
टेकु, काठमाडौं


मितिः २०७८।१०।१४

स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध
सेवा प्रदायक स्वास्थ्य संस्थाहरू सबै ।

**विषयः दाबीसंग सम्बन्धित आवश्यक कागजातहरू IMIS System मा तुरून्त अपलोड गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा सेवा प्रदायक स्वास्थ्य संस्थाहरूबाट बीमितलाई सेवा प्रदान गरे वापत पाउनु पर्ने दाबी रकम भुक्तानीका लागि बीमा व्यवस्थापन सूचना प्रणाली (IMIS) सफ्टवेयरमा स्वास्थ्य बीमा ऐन, नियमावली तथा कार्यविधिहरूले तोके बमोजिमको आवश्यक कागजातहरू दाबी प्रविष्ट गर्दाकै बखत अपलोड गर्नु पर्ने हुन्छ तर कतिपय सेवा प्रदायक स्वास्थ्य संस्थाहरूले लामो समय देखि अपलोड नगरेको पाईएकोले स्वास्थ्य बीमा बोर्डलाई दाबी भुक्तानीलाई राफसाफ तथा व्यवस्थित गर्न भनि मिति २०७८।०४।०५ मा एक सुचना प्रकाशित गरी मिति २०७८ जेष्ठ मसान्त सम्म गरिएका सम्पूर्ण दाबीहरूको आवश्यक कागजातहरू १५ दिन भित्र पेश गरि सक्नु पर्ने भनि जानकारी गराईएको थियो । तर कतिपय सेवा प्रदायक संस्थाहरूले उक्त सूचनाको अवधिभित्र आवश्यक कागजातहरू अपलोड नगरेको पाईएकोले पुनः यो पत्र/सूचना प्रेषित गर्ने कार्य गरिएको छ।

अतः मिति २०७८ मंसिर मसान्त सम्म गरिएका सम्पूर्ण दाबीहरूको आवश्यक कागजातहरू मिति २०७८ माघ मसान्त (२९ गते शनिबार राति १२.०० बजे सम्म (अन्तिम पटकका लागि) अनिवार्य अपलोड गर्नुहुन सम्पूर्ण सबैलाई जानकारी गराईन्छ । उक्त समयमा डकुमेन्ट अपलोड हुन नसकेमा त्यस्ता दाबीहरू IMIS बाट अस्वीकृत (Reject) हुने भएकोले भुक्तानी गर्न स्वास्थ्य बीमा बोर्ड बाध्य नहुने जानकारी गराईन्छ । साथै मिति २०७८ माघ मसान्त (२९ गते शनिबार राति १२.०० बजे पश्चात त्यस्ता डकुमेन्ट प्रविष्ट गर्न नसकिने गरि स्वास्थ्य बीमा व्यवस्थापन सूचना प्रणाली (IMIS) लाई परिमार्जन गरिएको व्यहोरा समेत निर्णयानुसार अनुरोध छ ।

(शोभित रिजाल)
शाखा अधिकृत

**बोधार्थः**
श्री आई.टि. शाखा
स्वास्थ्य बीमा बोर्ड, टेकुः यसै अनुसार व्यवस्थापन गर्नु हुन ।

श्री सात वटै प्रदेश शाखा कार्यालयहरू ।

श्री ७७ वटै जिल्ला सम्पर्क कार्यालयहरू ।